# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा.नेपालद्वारा लेखनाथ उद्योग वाणिज्य संघको कार्यक्रमलाई सम्बोधन



गभर्नर डा. चिरंजीबि नेपालले लेखनाथ उद्योग वाणिज्य संघको १९औं वार्षिक साधारणसभा तथा १०औं महाधिवेशन असोज २ गते कास्कीको लेखनाथमा उद्घाटन गर्नुभयो ।संविधान जारी भएपछि देशमा राजनैतिक क्रान्ति पूर्ण हुने भएकोले अब आर्थिक क्रान्तिमा ध्यान केन्द्रित गर्नुपर्ने कुरा उहाँले बताउनु भयो । नेपालले २०४६ सालको राजनैतिक परिवर्तनपछि खुला बजार अर्थनीति अंगालेको प्रसंग उल्लेख गर्दै गभर्नर डा. नेपालले निजी क्षेत्रले लगानी अभिवृद्धिमार्फत् आर्थिक विकास, रोजगारी सिर्जना र राजस्वमा योगदान दिने भएकाले अर्थतन्त्रको संवाहक मानिएको सन्दर्भ उल्लेख गर्दै उहाँले अर्थतन्त्र निजी क्षेत्रमैत्री भएको खण्डमा देश विकासमा यस क्षेत्रले योगदान पुऱ्याउनसक्ने धारणा राख्नुभयो ।

हाल देशको अर्थतन्त्रका सबै परिसूचकहरु सबल रहेता पनि कुल व्यापारमा ८९ प्रतिशत आयात र ११ प्रतिशत निर्यात भएकोले यसबाट नेपालको अर्थतन्त्रमा परनिर्भरता बढेको बताउनु हुँदै उहाँले आन्तरिक उत्पादन वृद्धि गरी आत्मनिर्भर वन्ने दिशातिर उन्मुख हुन निजी क्षेत्रलाई आह्वान गर्नुभयो । वैदेशिक रोजगारीले मात्रै देशको सर्वतोमुखी र दिगो विकास गर्न नसकिने धारणा राख्दै मुलुकभित्र नै रोजगारी सिर्जनाको वातावरण बनाउनु पर्नेमा गभर्नर डा. नेपालले जोड दिनुभयो ।

विकासको लागि ठूला परियोजनाहरूमा लगानी गर्न आवश्यक स्रोत साधन स्वदेशमा नै उपलब्ध हुन सकोस् र स्वदेशमा भएका बैंक तथा वित्तीय संस्था स्वस्थ, सबल बनुन् भन्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले गहन अध्ययन पश्चात् बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धिको निर्णय गरेको बताउनु भयो ।

गभर्नर डा. नेपालले लेखनाथ उद्योग वाणिज्य संघको १०औं महाधिवेशनले संघको हितका साथै स्थानीय जनताको आर्थिक उन्नतिमा क्रियाशील रहने सक्षम तथा योग्य नेतृत्वको चयन गर्न सकोस् भनी शुभकामना समेत व्यक्त गर्नुभयो ।

### गभर्नर डा.नेपाल र पर्यटन व्यसायीबीच भेटघाट

गभर्नर डा.चिरंजीबि नेपालसँग पोखराका पर्यटन व्यवसायीहरुको प्रतिनिधि मण्डलले पोखरामा भेटघाट गऱ्यो । भेटका क्रममा गभर्नर डा. नेपालसमक्ष पर्यटन व्यवसायीहरुले गत बैशाखमा गएको भूकम्प तथा पछिल्लो समय देशको विभिन्न क्षेत्रमा भएका बन्द हडतालका कारणबाट पर्यटन व्यवसायमा सृजना भएका समस्याहरु राख्नुभयो । पर्यटन व्यवसायीले सामना गर्नु परेका कठिनाइहरुलाई समाधान गर्न पहल गर्ने बताउनु हुँदै गभर्नर डा. नेपालले Settlement Fund स्थापनाको क्रममा रहेकाले सो Fund बाट यस क्षेत्रलाई सहयोग गर्न सकिने कुरा बताउनुभयो ।

**२०७२ असोज ६ गते मंगलबार** **गभर्नरको कार्यालय**